# नेपालमा मिडिया नीतिशास्त्र अध्ययन

निर्मलमणि अधिकारी

### विषय प्रवेश

नैतिक द्विविधा मिडियाकर्मीहरूको दैनिक कार्यसँग सधैँ अभिन्न रहेको हुन्छ । आफ्ना कामका क्रममा उनीहरूले विकल्पहरूमध्ये कुन गलत र कुन सही हो वा कम्तीमा पनि कुनभन्दा कुन चाहिँ राम्रो हो भन्ने निर्णय क्षण-क्षणमा गर्नुपर्ने हुन्छ (मेरिल सन् १९९९: २; अधिकारी सन् २००७: ५८) । जस्तैः कुनै विवादास्पद विषयसँग सम्बन्धित समाचारमा कुन-कुन पक्षको धारणा समेटियो भने सो समाचार वस्तुनिष्ठ र सन्तुलित बन्छ, बलात्कारको अभियोग लागेको व्यक्तिलाई समाचारमा अनादरार्थी सम्बोधन गर्ने वा सो समाचारमा अन्यलाई झैँ आदरार्थी सम्बोधन नै गर्ने, आन्दोलनकारीको टाउकोमा पुलिसले लाठी बजारेर घाइते बनाएको बेलामा घाइतेको फोटो खिच्ने कामलाई प्राथमिकता दिने कि उद्धार गर्नतिर लाग्ने, बाढीपीडित बस्तीमा फैलिएको हैजाको महामारीबारे समाचार लेखेपछि आफ्नो कर्तव्य पूरा भएको मान्ने कि राहतका लागि थप पहलसमेत गर्ने, कानूनले छुट दिएको भए पनि रक्सी/चुरोटको विज्ञापन छाप्ने कि नछाप्ने, आफ्नो अखबारलाई ठूलो परिमाणमा विज्ञापन दिने व्यवसायीले कर छलेको समाचार लेख्ने कि नलेख्ने आदि । कुनै पनि व्यक्ति नैतिक द्विविधालाई सल्टचाएर मात्र यस्ता सवालमा निर्णयमा पुग्न सक्छ ।

*मिडिया अध्ययन* ३: २९३-३०५ २०६५

विकल्पहरूमध्ये व्यक्तिविशेषले कुन-कुनलाई सही, गलत र बिसेक मान्छ भन्ने कुरा ऊ कुन वा कस्तो नैतिक सिद्धान्तमा विश्वास राख्छ भन्ने आधारमा तय हुन्छ। किनभने नैतिक द्विविधामा परेपछि त्यसबाट पार पाउन व्यक्तिले आफ्नो नैतिक मान्यताकै आधार लिने गर्छ। मिडियाकर्मीहरूले पनि आफूले मान्ने नैतिक मान्यता वा सिद्धान्तकै आधारमा विभिन्न निर्णयहरू लिन्छन्। वास्तवमा नैतिक द्विविधालाई सल्टयाउने क्रममा नैतिक मान्यताको नै निर्णायक भूमिका हुन्छ (बेल्सी र च्याडविक सन् १९९३: ११)। मिडियाकर्ममा नैतिक मान्यताको अहं भूमिका भएकाले नै नीतिशास्त्रमा एउटा विशिष्ट शाखाका रूपमा मिडिया नीतिशास्त्रको उद्‌भव भएको हो (अधिकारी सन् २००७: ५९)। नीतिशास्त्रको अध्ययनविना मिडियासम्बन्धी अध्ययन 'सम्पूर्ण' हुन सक्दैन।

मिडियासम्बन्धी अध्ययनका प्रारम्भिक तहमा सामान्यीकृत अध्ययन हुनु स्वाभाविकै भए तापनि उच्च तहमा विशिष्टिकृत विधागत अध्ययन हुनु आवश्यक हुन्छ र त्यस्तो विशिष्टिकृत विधागत अध्ययनका क्रममा मिडिया नीतिशास्त्र पनि एक प्रमुख विधा हो। मिडियासम्बन्धी अध्ययनको कुन तहलाई 'प्रारम्भिक' मान्ने र कुनलाई 'उच्च' मान्ने भन्नेमा अनेक दृष्टिकोण हुन सक्छन्। यो लेखमा माध्यमिक तथा उच्चमाध्यमिक तहका अध्ययनलाई प्रारम्भिक र विश्वविद्यालयमा स्नातक तथा स्नातकोत्तर तहका अध्ययनलाई उच्च तहको अध्ययन मानिएको छ। यस मापदण्डअनुसार नेपालमा त्रिभुवन, पूर्वाञ्चल र काठमाडौँ विश्वविद्यालयअन्तर्गत पत्रकारिता, आमसञ्चार, मिडिया अध्ययन जस्ता विषयको उच्चशिक्षा सञ्चालित छ।

विश्वास गरिन्छ कि "विद्यालय तथा विश्वविद्यालयमा हुने यस्तो अध्यापनले मिडियासम्बन्धी सैद्धान्तिक ज्ञान दिनुका साथै विद्यार्थीलाई पत्रकारिताको अभ्यास र अनुसन्धानमा प्रत्यक्ष सरिक गराउँदै व्यावहारिक ज्ञान प्राप्त गर्ने अवसर उपलब्ध गराउँछ र मिडियामा प्राज्ञिक पुस्ताहरू जन्माउन सघाउ पुऱ्याइरहेको हुन्छ" (हुमागाईं र अरू २०६४: ७)। के नेपालमा त्यसो हुन सकेको छ त ? यो लेखमा नेपालमा मिडिया नीतिशास्त्रको प्राज्ञिक अध्ययनको सेरोफेरोमा चर्चा गरिएको छ। मूलतः गुणात्मक विधिबाट गरिएको सन्देश-अभिमुखी अध्ययनमा आधारित यो लेखमा आगमनात्मक (इन्डक्टिभ) विश्लेषण पद्धति अपनाइएको छ र सामान्यतया द्वितीयक स्रोतहरूबाट प्राप्त तथ्यको विश्लेषण तथा अर्थापन गरी निष्कर्षमा पुगिएको छ।[१]

---

१ म आफैंले पूर्वाञ्चल विश्वविद्यालयबाट आमसञ्चार तथा पत्रकारितामा स्नातकोत्तर (एमए-एमसीजे) अध्ययन गरेकोले र यो लेखले सरोकार राख्ने तीनओटै (त्रिभुवन, पूर्वाञ्चल र काठमाडौँ) विश्वविद्यालय अन्तर्गतका शिक्षण संस्थामा मैले प्राध्यापन गरिसकेको हुनाले तत्‌तत् समयका अवलोकनका आधारमा

## मिडिया नीतिशास्त्र

मिडिया नीतिशास्त्र भन्नाले मिडियाको नीतिशास्त्रीय अध्ययन गरिने विधालाई जनाउँछ। यस्तो अध्ययन मूलतः दुई किसिमको हुन्छ–नीतिशास्त्रकेन्द्रित र मिडियाकेन्द्रित। नीतिशास्त्रकेन्द्रित अध्ययनमा नीतिशास्त्रलाई प्राथमिकता दिइन्छ र मिडिया नीतिशास्त्र चाहिँ त्यसभित्रको एक विधाका रूपमा मानेर अध्ययन गरिन्छ। यस्तो दृष्टिकोणमा मूलतः नैतिकतासम्बन्धी विभिन्न दार्शनिक सिद्धान्तहरू (जस्तैः पश्चिमा सन्दर्भमा अरस्तेली 'प्रिन्सिपल अफ गोल्डेन मिन', कान्टेली 'क्याटेगोरिकल इम्पेरेटिभ्', बेन्थेमी-मिलेली 'प्रिन्सिपल अफ युटिलिटी' आदि) को अध्ययन गरिन्छ। अनि मानव व्यवहारको नैतिकतालाई जाँच्ने कसीका रूपमा कुनै सिद्धान्त विशेषलाई पहिचान गरी ती सिद्धान्त अनुरूपका आदर्श मिडिया-व्यवहार कस्तो हुनुपर्छ भन्ने अध्ययन पनि गरिन्छ। यस्तो अध्ययनले मिडियाकर्मी वा मिडिया अध्येतालाई नैतिक सिद्धान्तसँग परिचित गराई त्यस सिद्धान्त अनुरूपको व्यवहार कस्तो हुनुपर्छ भन्ने मापदण्ड निर्धारण गर्न मद्दत गर्छ। मापदण्ड निर्धारण गर्ने क्रममा यो सामान्यतया आधिकारिक स्रोत-आमुख वा उपदेशात्मक हुन्छ। यसरी, यस दृष्टिकोणअनुसार, मिडिया नीतिशास्त्र दर्शनशास्त्रको त्यस्तो शाखा हो जसले पत्रकार तथा अन्य मिडियाकर्मीहरूलाई आफ्नो कार्य-व्यवहारलाई कसरी नैतिक बनाउने भन्ने निर्धारण गर्न मद्दत गर्दछ (मेरिल सन् १९९९: ५)।

मिडियाकेन्द्रित अध्ययनमा मिडियाको अध्ययनका लागि लिन सकिने अनेक आधार (जस्तैः समाजशास्त्रीय, राजनीतिशास्त्रीय, अर्थशास्त्रीय, विधिशास्त्रीय, मनोवैज्ञानिक आदि) मध्ये एउटाको रूपमा नीतिशास्त्रलाई मानिएको हुन्छ। यस दृष्टिकोणमा मिडिया अन्तर्वस्तुमाथि प्रभाव पार्ने विविध तत्त्वहरू (जस्तैः देशको राजनीतिक प्रणाली, कानूनी व्यवस्था, संस्थाभित्रको सम्पादकीय स्वतन्त्रताको अवस्था, संसाधनको उपलब्धता, समाचार स्रोतसँगको सम्बन्ध आदि) मध्ये एक तत्त्वका रूपमा सम्बन्धित मिडियाकर्मीको नैतिक मान्यतालाई पहिचान गर्दै त्यसको अध्ययन गरिन्छ। यसमा विभिन्न नैतिक सिद्धान्तले व्यावसायिक कार्य सम्पादनमा पार्ने वा पारेको प्रभावसम्बन्धी अध्ययन गरिन्छ। यस दृष्टिकोणअनुसार, पत्रकारिताका सन्दर्भमा नीतिशास्त्रले दैनन्दिन मिडियाकर्मका दौरानमा गरिनै पर्ने निर्णयहरूलाई नैतिक मान्यता र सिद्धान्तसँग जोड्दछ (डेन्निस र मेरिल सन् १९९६: १४६)।

---

प्राप्त जानकारीले यस लेखलाई केही प्रभाव पारेको हुनसक्छ। तर लेखका लागि सम्बन्धित शिक्षण संस्थाका आधिकारिक स्रोतबाट लिइएका द्वितीयक तथ्यहरूलाई नै यहाँ प्राथमिकता दिइएको छ।

दुवै किसिमका अध्ययनको मूल सरोकार भने मिडियाकर्मलाई कसरी नैतिक बनाउने भन्ने नै हो । यस क्रममा पहिलो दृष्टिकोण अनुसारको अध्ययनमा "एउटा पत्रकारका रूपमा मैले के गरेँ भने नैतिक हुन्छ ?" भन्ने प्रश्न महत्त्वपूर्ण हुन्छ भने दोस्रो दृष्टिकोणअनुसार "मैले जे गरिरहेको छु, त्यो नैतिक छ ?" भन्ने प्रश्नले प्राथमिक सरोकार पाउँछ । दुवैमा नैतिकता/अनैतिकताको मापदण्डका रूपमा कुनै न कुनै सिद्धान्त स्वीकार गरिएको हुन्छ । तर फरक के हो भने अघिल्लोमा प्रथमतः कुनै नैतिक सिद्धान्त अनुरूपको आदर्श व्यवहारलाई रेखाङ्कन गरी त्यसलाई पालना गर्ने उपदेशात्मक दृष्टिकोण हुन्छ भने पछिल्लोमा मिडियाकर्मीका व्यवहारलाई नैतिक सिद्धान्तको कसीमा जाँच्ने आचरणमूलक अध्ययन हुन्छ । यसरी प्रस्थानबिन्दु फरक भए तापनि दुवै किसिमका अध्ययनमा मिडिया नीतिशास्त्रलाई दर्शनशास्त्र भित्रको विशिष्ट विधाका रूपमा स्वीकारिन्छ ।

मिडियासम्बन्धी अध्ययनको प्रारम्भिक तहमा मिडिया नीतिशास्त्रको अध्यापन गराउँदा यसको अर्थ, परिभाषा र नैतिक व्यवहारका सामान्य मापदण्ड (जस्तैः आचारसंहिता) लाई समेट्नु पर्याप्त भए पनि उच्च तहमा त्यतिले पुग्दैन । किनभने यस्तो अध्ययन विशिष्टिकृत, गहन एवं विश्लेषणात्मक हुनु आवश्यक छ । त्यसैले उच्च तहको पाठ्यक्रम बनाउनुअघि त्यसको उद्देश्य विद्यार्थीहरूलाई नीतिशास्त्रकेन्द्रित वा मिडियाकेन्द्रित वा समष्टिगत कस्तो दृष्टिकोणबाट अध्यापन गराउने भन्ने प्रस्ट हुनुपर्छ । यही आधारमा पाठ्यक्रमको अन्तर्वस्तु निर्धारण हुन्छ । नीतिशास्त्रकेन्द्रित वा मिडियाकेन्द्रित वा समष्टिगत जुनै दृष्टिकोण लिइए पनि मिडिया नीतिशास्त्रको पाठ्यक्रममा केही 'आधारभूत' कुरा भने छुटाउनु हुँदैन । सजिलोका लागि तिनलाई यहाँ पाँच ओटा आधारमा हेरिएको छ ।

पहिलो, संसारभरि नै नीतिशास्त्रलाई दर्शनशास्त्रको शाखा मानिन्छ र मिडिया नीतिशास्त्रको अध्ययन पनि दर्शनशास्त्रको क्षेत्रभन्दा बाहिर पर्दैन (अधिकारी २०६४, सन् २००६, र सन् २००७, गोर्डोन र किट्रोस सन् १९९९, डेन्निस र मेरिल सन् १९९६, वेलास्क्वेज र ब्यारी सन् १९८८, बाब्बिली सन् २००१, बेल्सी र च्याडविक सन् १९९३ र शर्मा सन् २००२) । तसर्थ मिडिया नीतिशास्त्रको अध्ययनका लागि दर्शनशास्त्रीय आधार आवश्यक पर्छ ।

दोस्रो, दर्शनशास्त्रका आधारमा नीतिशास्त्रमा अनेक नैतिक सिद्धान्तहरू विकास गरिएका छन् । मिडिया नीतिशास्त्रको उच्च तहको अध्ययनमा ती सिद्धान्तहरूलाई समावेश गर्नु अपरिहार्य हुन्छ । "मिडिया नीतिशास्त्रमा अध्ययन गरिने सबैभन्दा विस्तृत अंश विभिन्न नैतिक सिद्धान्तहरूको विवरणात्मक, विश्लेषणात्मक साथै आलोचनात्मक अध्ययन हो" (बेल्सी र च्याडविक सन् १९९३ः ३५) ।

तेस्रो, मिडिया नीतिशास्त्रको मापदण्डका स्रोत अनेक हुन्छन् । उदाहरणका लागि, कुनै पनि व्यक्तिको नैतिक मान्यता निर्धारणमा उसको धार्मिक आस्था (वा अनास्था) र सांस्कृतिक पृष्ठभूमिले प्रमुख भूमिका खेल्ने भएकाले जुन समाजका सन्दर्भमा अध्ययन गरिने हो, त्यहाँ प्रचलित धर्म-सम्प्रदाय र संस्कृतिको अध्ययनविना नीतिशास्त्रको अध्ययन पूर्ण हुँदैन (अधिकारी सन् २००७, डोमिनिक सन् १९९९ र बाब्बिली सन् २००१) ।

चौथो, नैतिक सरोकारका कारण नै जन्मिएका हुनाले आचारसंहिता पनि मिडिया नीतिशास्त्रीय अध्ययनको सरोकारको क्षेत्रमा पर्छ ।

पाँचौं, समाज विज्ञानको अध्ययन झन्झन् अन्तर्विषयात्मक हुँदै गइरहेको समकालीन विश्व परिवेशमा विद्यार्थीहरूलाई मिडिया अध्ययनका विविध विधाहरूबीचको अन्तर्सम्बन्ध प्रस्टचाउँदै अन्तर्विषयात्मक विश्लेषण गर्न सक्षम बनाउनु पनि वाञ्छनीय छ ।

मिडिया नीतिशास्त्रको पाठ्यक्रममा समावेश गरिनुपर्ने कुरा यहाँ चर्चा गरिएकाबाहेक अन्य पनि पक्कै छन्, तर कम्तीमा पनि यति समावेश नभएको अवस्थामा त्यसलाई उच्च तहको (विशिष्टिकृत, विश्लेषणात्मक एवं आलोचनात्मक) मान्न सकिँदैन ।

## मिडिया नीतिशास्त्र अध्ययनको अवस्था

यस खण्डमा नेपालमा मिडिया नीतिशास्त्र अध्ययनको वर्तमान अवस्थासम्बन्धी विवरण दिइएको छ । यसअन्तर्गत त्रिभुवन, पूर्वाञ्चल र काठमाडौं विश्वविद्यालयअन्तर्गत अध्यापन गराइने कार्यक्रमहरूमा लागू गरिएका पाठ्यक्रममा मिडिया नीतिशास्त्रलाई कसरी समेटिएको छ भन्ने चर्चा गरिएको छ । त्यसपछि शोधपत्र, कार्यपत्र तथा पुस्तक लेखनमा मिडिया नीतिशास्त्रसम्बन्धी चिन्तनको अवस्थालाई केलाइएको छ । मिडियासम्बन्धी प्राज्ञिक अभ्यास कस्तो अवस्थामा रहेको छ भन्ने कुरा शोधपत्र, कार्यपत्र तथा पुस्तक लेखनको अवस्थाले प्रतिविम्बित गर्ने हुनाले यस सन्दर्भलाई समेत यहाँ समेटिएको हो ।

### ***पाठ्यक्रम***

*त्रिभुवन विश्वविद्यालय*

यसअन्तर्गत स्नातक तथा स्नातकोत्तर तहमा पत्रकारिता तथा आमसञ्चार अध्यापन गराइन्छ । यहाँ मिडिया नीतिशास्त्रलाई स्पष्टतः समेटिएको एउटा विषय (मिडियाको इतिहास, कानून, नीतिशास्त्र र व्यवस्थापन [हिस्ट्री, ल,

इथिक्स एण्ड म्यानेजमेन्ट अफ मास मिडिया- जेएमसी- ३०३]) मात्र छ । स्नातक तहको दोस्रो वर्षमा अध्यापन गराइने यो विषयको एकाइ तीनमा मिडिया नीतिशास्त्रअन्तर्गत नीतिशास्त्र र कानून, नीतिशास्त्रको अर्थ र भूमिका, नैतिक मापदण्डका स्रोत, नैतिक द्विविधा र आचारसंहितासम्बन्धी अध्ययनलाई समेटिएको छ (त्रिभुवन विश्वविद्यालय २०५६) ।

स्नातकोत्तर तहमा भने शीर्षकबाटै नीतिशास्त्रसँग सम्बन्ध जनिने कुनै विषय समेटिएको छैन । यद्यपि ऐच्छिक विषयका रूपमा रहेको तुलनात्मक प्रेस कानून र मिडिया प्रणाली (कम्प्यारेटिभ प्रेस ल एण्ड मिडिया सिस्टम- जेएमसी- ५११) अन्तर्गत कानून र नीतिशास्त्रको तुलना तथा आचारसंहितासम्बन्धी चर्चालाई समेटिएको छ (त्रिभुवन युनिभर्सिटी सन् २००२) ।

*पूर्वाञ्चल विश्वविद्यालय*

यस विश्वविद्यालयअन्तर्गत स्नातक तहमा मिडिया टेक्नोलोजी (बीएमटी) र आमसञ्चार र पत्रकारिता (बीए एमसीजे) कार्यक्रमहरू सञ्चालित छन् । दुवै कार्यक्रममा मिडिया नीतिशास्त्रलाई पृथक र स्वतन्त्र विषयका रूपमा अध्यापन गराइँदैन । बीएमटीमा कानूनसँग जोडेरै भए पनि शीर्षकमै नीतिशास्त्र जनिने विषय समेटिएको छ भने बीए एमसीजेमा नीतिशास्त्रसमेत समेट्न मिल्ने बृहत् शीर्षकभित्र राखिएको छ ।

बीएमटीको दोस्रो सेमेस्टरमा मिडियामा कानून र नीतिशास्त्र (लज् एण्ड इथिक्स् इन मिडिया- एलइएम- १२०१) अध्यापन हुन्छ । यसको पाठ्यक्रम मूलतः मिडियासम्बन्धी कानूनी प्रावधानमा केन्द्रित रहँदै कानून र नीतिशास्त्रको तुलना तथा आचारसंहितासम्बन्धी चर्चालाई पनि समेटिएको छ ।[२]

बीए एमसीजेको तेस्रो सेमेस्टरमा मिडिया कानून र नियमन (मिडिया लज् एण्ड रेगुलेसन- बीए एमसीजे-४१६) अध्यापन हुन्छ । यसमा पनि मूलतः मिडियासम्बन्धी कानूनी प्रावधानमा केन्द्रित रही चर्चा हुन्छ । नियमकका रूपमा मिडिया नैतिकतालाई पनि पहिचान गर्दै सङ्क्षिप्त रूपमा कानून र नीतिशास्त्रको तुलना तथा आचारसंहितासम्बन्धी चर्चालाई पनि यसले समेटेको छ ।[३]

---

[२] सेफर्ड कलेज अफ मिडिया टेक्नोलोजीको वेवसाइट http://www.shepherd.edu.np मा आधारित । यो वेवसाइट २०६४ फागुन २ गते हेरिएको हो ।

[३] कलेज अफ जर्नलिज्म एण्ड मास कम्यूनिकेसनको वेवसाइट http://www.colofjournalism.edu.np मा आधारित । यो वेवसाइट २०६४ फागुन २ गते हेरिएको हो ।

पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गत स्नातकोत्तर तह (एमए एमसीजे) मा शीर्षकबाटै नीतिशास्त्रसँग सम्बन्ध जनिने कुनै विषय अध्यापन हुँदैन। नीतिशास्त्रलाई समेत समेट्न मिल्ने कुनै बृहत् शीर्षक भएको विषय पनि यस कार्यक्रममा समेटिएको छैन। यद्यपि पहिलो सेमेस्टरमा मिडिया कानून (एमसी मिडिया ल- एमसीजे- ५०५) अन्तर्गत 'नेपाली कानूनमा पेसागत संरक्षण र मिडिया नीतिशास्त्र' शीर्षकको एकाइ रहेको छ, जसअन्तर्गत नेपालमा विद्यमान मिडियासम्बन्धी कानूनी प्रावधानका साथै आचारसंहिता र विधिसंहिताबीच फरक र विद्यमान पत्रकार आचारसंहितासम्बन्धी अध्ययनलाई समेटिएको छ।[४]

*काठमाडौँ विश्वविद्यालय*

यसअन्तर्गत चारवर्षे स्नातक तहको छैटौँ सेमेस्टरमा मिडिया नीतिशास्त्र र कानून (मिडिया इथिक्स एण्ड ल- एमइडीएस- ३०५) विषय समेटिएको छ। यो लेख लेखिञ्जेलको समयमा उक्त विषयको अन्तर्वस्तुको विवरण (कोर्स डिटेलिङ) तयार नभइसकेकोले के-कस्तो हुने प्रस्ट भइसकेको छैन।

***शोधपत्र तथा कार्यपत्र***

२०६३ को अन्तसम्म नेपालका विभिन्न विश्वविद्यालयअन्तर्गत लेखिएका स्नातकोत्तर तहका २ सय ६० ओटा मिडियासम्बन्धी शोधपत्रहरू सूचीकृत छन् (हुमागाईं र अरू २०६४)। उक्त सूचीमा मिडिया नीतिशास्त्रको सैद्धान्तिक अध्ययनसँग प्रत्यक्षतः सम्बन्धित एउटा पनि शोधपत्र देखिँदैन। मिडिया नीतिशास्त्रभित्र पर्ने आचारसंहिताका सन्दर्भमा भने पूर्वाञ्चल विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालयबाट एक–एक ओटा शोधपत्र (आचार्य २०६२ र तिवारी २०६३) लेखिएको उक्त सूचीअनुसार देखिन्छ।[५]

यसै गरी मिडियासम्बन्धी १ सय ८४ ओटा कार्यपत्रहरू सूचीकृत छन्, जसमध्ये १ सय २९ ओटा नेपालीमा र ५५ ओटा अङ्ग्रेजीमा छन् (हुमागाईं र अरू २०६४)। तीमध्ये कुनै पनि मिडिया नीतिशास्त्रसँग सम्बन्धित छैनन्।

---

४ कलेज अफ जर्नलिज्म एण्ड मास कम्यूनिकेसनको वेवसाइट http://www.colofjournalism.edu.np मा आधारित। यो वेवसाइट २०६४ फागुन २ मा हेरिएको हो।

५ त्रिभुवन विश्वविद्यालयअन्तर्गत कम्तीमा थप एक शोधपत्र (खनाल २०६२) पनि आचारसंहिताबारे लेखिएको छ।

***पुस्तक***

मार्टिन चौतारीमा सूचीकृत भएअनुसार २०६४ फागुन अन्तसम्ममा नेपालबाट नेपाली मिडियासम्बन्धी ५ सय १० ओटा पुस्तकहरू प्रकाशन भइसकेका छन्, जसमध्ये अङ्ग्रेजी भाषामा १ सय २३ र नेपाली भाषामा ३ सय ८७ ओटा छन् । नेपाली भाषाका पुस्तकहरूमध्ये १२ ओटा अनुदित कृति हुन् । यसरी नेपालीबाट लिखित/सम्पादित पुस्तक सङ्ख्या ४ सय ९८ छ । तीमध्ये मिडिया नीतिशास्त्रसँग सम्बन्धित भनेर शीर्षकबाटै जनिने पुस्तक अङ्ग्रेजी भाषामा एउटा मात्र (अधिकारी सन् २००६) देखिन्छ । नेपाली भाषामा लिखित/सम्पादितमध्ये एउटै पनि पुस्तक मिडिया नीतिशास्त्रसम्बन्धी छैन, यद्यपि तीमध्ये कतिपयमा भित्रपट्टि कुनै एकाइ वा शीर्षक/उपशीर्षकअन्तर्गत त्यसबारे चर्चा गरिएको भने हुन्छ ।

## विश्लेषण र अर्थापन

माथि नै उल्लेख भएझैँ नैतिक सरोकार मिडियाकर्मीको अभिन्न पाटो हो । तर नेपालका कुनै पनि विश्वविद्यालयले मिडिया नीतिशास्त्रलाई स्वतन्त्र विषयका रूपमा पाठ्यक्रममा स्थान नदिएको माथिको विवरणबाट स्पष्ट हुन्छ । माथि उल्लिखित सबै पाठ्यक्रममा मिडिया नीतिशास्त्रलाई कि मिडिया कानून वा विधिशास्त्र भित्रैको विषय मानिएको छ; नत्र यसको अध्ययन विधिशास्त्र-सापेक्षतामा मात्र गर्न सकिने सोच राखिएको देखिन्छ । नीतिशास्त्र (वा नैतिकता) र विधिशास्त्र (वा कानून) दुवैले मानव आचारसँग सरोकार राख्छन् । त्यसो हुँदा तिनको तुलनात्मक वा समानान्तर अध्ययन हुनु अस्वाभाविक होइन । तर ती दुई ज्ञानका पृथक विधाका रूपमा प्रतिष्ठित रहेकोबारे अत्तोपत्तोसमेत नहुने अवस्था भने पक्कै पनि स्वाभाविक होइन । तर नेपालका विश्वविद्यालयहरूका पाठ्यक्रमको आधारमा मात्र त विद्यार्थीहरूले विधिशास्त्र-सापेक्षताबाहेक मिडिया नीतिशास्त्रलाई अर्थ्याउन नसक्ने अवस्था देखिन्छ ।

काठमाडौँ विश्वविद्यालयमा सम्बन्धित विषयको पाठ्यक्रमभित्र समावेश गरिने विषयवस्तुको टुङ्गो हुन बाँकी अवस्थालाई छाडेर अन्य सबै सन्दर्भमा मिडिया नीतिशास्त्रको अध्ययनलाई मिडिया (त्यसमा पनि विशेषतः पत्रकारिता) को आचारसंहितासँग समानार्थी मान्ने गरेको माथिको विवरणबाट देखिन्छ । तर मिडिया नीतिशास्त्र र मिडिया आचारसंहिता समानार्थक होइनन् । नीतिशास्त्र नैतिकताको दर्शनशास्त्रीय अध्ययन हो भने आचारसंहिता कुनै संस्था विशेषका सदस्यहरूका लागि सुझाइएका मान्यताको अभिलेखन मात्र हो (बेल्सी र च्याडविक सन् १९९३: १२७) । नीतिशास्त्रीय अध्ययन बृहत् अवधारणात्मक तहमा हुने भएकाले यसको क्षेत्र स्वाभाविक रूपमा विस्तृत हुन्छ । आचारसंहिता क्रियाकलाप

विशेषका सन्दर्भमा उपयोगी भए तापनि तिनले सबै अवस्थालाई प्रतिनिधित्व गर्न सक्दैनन् (फोल्कर्ट्स् र लेसी सन् २००५: ३५४)। आचारसंहिताको अध्ययन नीतिशास्त्र अध्ययन भित्रको सूक्ष्मातिसूक्ष्म भाग हो र त्यसैले आचारसंहिताको मात्र अध्ययनबाट नीतिशास्त्रको अध्ययन पूरा हुन सक्दैन, बरु एकाङ्गी मात्र रहन्छ (बेल्सी र च्याडविक सन् १९९३: १२८)। नेपालमा मिडिया नीतिशास्त्रको नाममा आचारसंहिता मात्र अध्यापन गराई राखिएको पृष्ठभूमिमा यी पाठ्यक्रममा भर परिरहेका विद्यार्थीहरूलाई मिडिया नीतिशास्त्रको बृहत् ज्ञान नहुने स्पष्ट छ।

इतिहास, कानून, नीतिशास्त्र र व्यवस्थापनलाई एकै ठाउँमा राखेर खिचडी बनाइएको भए तापनि त्रिविमा स्नातक तहको दोस्रो वर्षमा अध्यापन गराइने विषय मिडियाको इतिहास, कानून, नीतिशास्त्र र व्यवस्थापन (हिस्ट्री, ल, इथिक्स एण्ड म्यानेजमेन्ट अफ मास मिडिया- जेएमसी- ३०३) अन्तर्गत मिडिया नैतिकताबारे जे-जति समेट्न सकिने हो, त्यत्तिको अवस्था पनि अन्य सन्दर्भमा नरहेको देखिन्छ। अरू सबै पाठ्यक्रममा नैतिकता र कानूनको तुलना तथा आचारसंहितालाई समेटिएको छ भने यसमा चाहिँ नैतिकता र कानूनको तुलना तथा आचारसंहिताका अलावा नीतिशास्त्रको अर्थ र भूमिका, नैतिक मापदण्डका स्रोत तथा नैतिक द्विविधासम्बन्धी चर्चासमेत समेटिएको छ। यद्यपि ती अवधारणाअन्तर्गत के के पढाइन्छ वा पढाइनुपर्ने हो भन्नेमा कमै स्पष्टता देखिन्छ। उदाहरणका लागि, 'नैतिक मापदण्डका स्रोत' भनेर कुनकुन स्रोतलाई समेटिने हो भन्ने छुट्ट्याइएको छैन। त्यस्ता स्रोत धर्म, संस्कृति, परम्परा, दर्शन आदि अनेक हुन सक्छन्। ती प्रत्येक स्रोतका अनेक भेद छन्, तर पाठ्यक्रममा यससम्बन्धी कुनै सङ्केतसम्म देखिँदैन।

प्राज्ञिक चिन्तनको लागि उपयुक्त मानिने शोधपत्र, कार्यपत्र तथा पुस्तक लेखनका सन्दर्भमा मिडिया नैतिकता वा नीतिशास्त्रीय सैद्धान्तिक अध्ययन रोजाइमा नपरेको अघिल्लो खण्डको विवरणबाट प्रस्टै देखिएको छ। ज्ञानका कुनै पनि विधामा प्राज्ञिक अध्ययनलाई प्रबर्द्धन गर्नका लागि शोधपत्र, कार्यपत्र तथा पुस्तक उपयुक्त माध्यम हुन्। कुनै पनि विधामा कति/कस्ता शोधपत्र, कार्यपत्र तथा पुस्तक लेखिएका छन् भन्ने कुराले उक्त विधाको प्राज्ञिक अध्ययनको अवस्थाको आँकलन गर्न सकिने हुन्छ। साथै, शोधपत्र, कार्यपत्र र पुस्तकले सम्बन्धित विधामा प्राज्ञिक अध्ययनलाई निरन्तरता दिने, दिग्दर्शन गर्ने र विकास गर्ने क्रममा गहकिलो योगदान गर्ने विश्वास गरिन्छ। मिडिया नीतिशास्त्रका सन्दर्भमा शोधपत्र तथा कार्यपत्र लेखन र पुस्तक प्रकाशनको अवस्थालाई ख्याल राख्दा नेपालमा मिडियासम्बन्धी अध्ययन माध्यमिक विद्यालयदेखि स्नातकोत्तर

तहसम्मै हुने गरेको भए तापनि मिडिया नीतिशास्त्रको अध्ययन 'प्राज्ञिक' तहको भन्न सकिने गरी प्रारम्भ भएको देखिँदैन । यसरी नेपालमा मिडियाको प्राज्ञिक र पेसागत दुवै क्षेत्रका लागि नीतिशास्त्र प्राथमिकताहीन विषय रहेको छ ।

मिडिया नीतिशास्त्रको अध्ययनका लागि दर्शनशास्त्रीय आधार आवश्यक पर्ने भए तापनि माथि चर्चा गरिएका कुनै पनि पाठ्यक्रममा मिडिया नीतिशास्त्रको दर्शन-आधारित अध्ययन समावेश गर्नु त के, नीतिशास्त्र र दर्शनशास्त्रको अभिन्न सम्बन्धबारे सूचित गर्नसमेत ख्याल पुऱ्याइएको देखिँदैन । त्यति मात्र होइन, काठमाडौँ विश्वविद्यालय (जहाँ तेस्रो सेमेस्टरमा तीन क्रेडिटको दर्शन विषय पढाइन्छ) बाहेक पत्रकारिता तथा आमसञ्चारका विद्यार्थीहरूका लागि अन्य विश्वविद्यालयका पाठ्यक्रममा दर्शनशास्त्रसँग प्रत्यक्षतः सम्बन्धित भन्न मिल्ने कुनै पनि विषयवस्तु कुनै पनि तहमा समावेश गरिएको छैन ।

"नैतिक आँकलन सार्वजनिन दृष्टिकोणबाट गर्नुपर्ने" (पेटर सन् २००३ १२) मान्यता अगाडि नसारिने होइन, तर "नीतिशास्त्र सापेक्ष विज्ञान हो । एक जनाका लागि सही भएको कुरा अर्काको लागि सही नहुन सक्छ । कुनै समयविशेष र स्थानविशेषमा सही भएको कुरा अर्कै समय र स्थानमा सही नहुन सक्छ । नीतिशास्त्र मानिस स्वयं र उसको परिवेशसँग सापेक्ष हुन्छ" (शिवानन्द मिति नखुलेको) । त्यसैले मिडिया नीतिशास्त्र पनि सार्वलौकिक हुन सक्दैन, प्रत्युत जति किसिमका दर्शन छन् उति नै किसिमका नीतिशास्त्रीय मान्यता हुन्छन् र विभिन्न नैतिक सिद्धान्तले प्रायः फरक-फरक र परस्पर विरोधी किसिमको दिग्दर्शन गराइरहेका हुन्छन् (डोमिनिक सन् १९९९ः ४६४) । त्यसैले त पश्चिमा सन्दर्भमा पनि नीतिशास्त्रका अरस्तेली, कान्टेली तथा अन्य अवधारणाहरू पृथक्पृथक् अध्ययन गरिन्छन् ।

मिडिया नीतिशास्त्र निरपेक्ष र सार्वलौकिक नहुने र मिडिया अध्येता/पेसेवरहरूको नैतिक सरोकार उनीहरूको धार्मिक आस्था र दार्शनिक आधारको जगमा प्रतिष्ठित हुने भएकाले नेपाली सन्दर्भमा यस विषयको अध्ययन र सही समझका लागि नेपाली संस्कृति र यहाँका मानिसहरूका आचार-विचारलाई निर्धारण/निर्देशन गर्ने दर्शनशास्त्रीय मान्यतालाई नजानी हुँदैन (अधिकारी सन् २००६ र सन् २००७) । साङ्ख्य, न्याय, वैशेषिक, योग, मीमांसा, वेदान्त तथा बौद्धलगायतका अनेक दर्शनका सापेक्षतामा नीतिशास्त्रका अनेक दृष्टिकोण हुन्छन् ।[६] तर माथि चर्चा गरिएका पाठ्यक्रमहरूमा त्यस्ता विविध

---

[६] उदाहरणका लागि अधिकारी (२०६४) मा मीमांसा दर्शनका आधारमा मिडिया नीतिशास्त्रको अध्ययन गरिएको छ ।

दृष्टिकोणलाई समेट्ने त के कुरा, मिडिया नीतिशास्त्र दर्शन, संस्कृति, धर्म आदिसँग सापेक्ष हुन्छ भन्ने सामान्य जानकारी दिने सोचसमेत देखिँदैन ।

## निष्कर्ष

"मिडिया नैतिकतासम्बन्धी चासोमा वृद्धि भइरहेको भए तापनि यो अझै अविकसित नै छ" (मेरिल सन् १९९९: २) भनेर अर्कै सन्दर्भमा गरिएको टिप्पणी नेपालमा मिडिया नीतिशास्त्रको अध्ययनका सन्दर्भमा सटिक देखिन्छ । नेपालमा प्राज्ञिक र पेसागत दुवै क्षेत्रमा नीतिशास्त्रीय 'डिस्कोर्स' प्रति चासो नभइरहेको एवं हालसम्म लागू गरिएका पाठ्यक्रमका आधारमा मात्र मिडिया नीतिशास्त्रलाई बुझ्ने व्यक्तिको ज्ञान आधारविहीन, सतही र एकाङ्गी हुने अवस्था छ । तसर्थ यस विषयमा साँच्चै नै 'प्राज्ञिक' भन्न मिल्ने गरी अध्ययनको सुरुआत नै भएको छैन भन्दा अत्युक्ति हुँदैन । साथै, नेपालमा मिडिया अध्ययन जस्ता ज्ञानका महत्त्वपूर्ण विधाका प्राज्ञिक अध्ययनमा मौलिक अध्ययनको रूपरेखासम्म कोरिएको छैन भन्ने कुराको ज्वलन्त दृष्टान्तका रूपमा मिडिया नीतिशास्त्रको अध्ययनको अवस्थालाई प्रस्तुत गर्न सकिन्छ । माथिका विवरण तथा विश्लेषण र अर्थापनका आधारमा निम्नानुसारको निष्कर्षमा पुगिन्छः

(क) मिडियाको प्राज्ञिक र पेसागत दुवै क्षेत्रका लागि नीतिशास्त्र प्राथमिकताहीन विषय रहेको छ ।

(ख) नेपालमा मिडियासम्बन्धी उच्च अध्ययनमा हालसम्म लागू गरिएका पाठ्यक्रमले मिडिया नीतिशास्त्रलाई ज्ञानको स्वतन्त्र विधाका रूपमा पहिचान गर्न सकेका छैनन् । नीतिशास्त्र र विधिशास्त्र (कानून) फरक हुन् भन्दाभन्दै पनि नीतिशास्त्रलाई केबल कानूनको सापेक्षतामा मात्र अर्थ्याइएको छ ।

(ग) पाठ्यक्रमहरूले मिडिया नीतिशास्त्र र मिडिया आचारसंहिता समानार्थक हुन् भन्ने गलत धारणा प्रबर्द्धन गरिरहेका छन् ।

(घ) मिडिया नैतिकताको अध्ययन दर्शनशास्त्रीय आधारमा हुनुपर्नेमा हालसम्म लागू पाठ्यक्रमले नीतिशास्त्र र दर्शनशास्त्रको अभिन्न सम्बन्धबारे सूचित गर्नसमेत सकेका छैनन् ।

(ङ) मिडिया नीतिशास्त्र दर्शन, संस्कृति, धर्म आदिसँग सापेक्ष हुने तथ्यको सामान्य जानकारीसमेत पाठ्यक्रमहरूले दिन सकेका छैनन् ।

नैतिक मान्यतामा प्रभाव पार्ने दर्शन, धर्म एवं संस्कृति लगायतका सबै अन्तर्सम्बन्धित तत्त्वहरूलाई पहिचान गरेर तिनको कारण-कार्यात्मक अध्ययन

नगरी मिडिया नीतिशास्त्रीय अध्ययनको वैज्ञानिकतामा विश्वस्त हुन सकिँदैन । नेपालमा हुने मिडिया नीतिशास्त्रको अध्ययनले त्यति बेलासम्म पूर्णता पाउँदैन जबसम्म यहाँका नागरिकको आचारधारा र विचारधारालाई दिग्दर्शन गराइरहेका दर्शनहरू र धार्मिक आस्था एवं व्यवहारका सापेक्षतामा यस विधाको प्रशस्त अध्ययन हुँदैन । तर नेपाली सन्दर्भमा अहिलेसम्मको आमप्रवृत्ति हेर्दा पाठचक्रम निर्माता र शिक्षकहरूमा यस्तो चेत खुलेको वस्तुगत प्रमाण देखिँदैन । केही पूर्वप्रकाशित सामग्रीहरू अधिकारी (सन् २००६, सन् २००७ र वि.सं. २०६४) यस दिशामा भएका काम हुन् ।

## सन्दर्भ सामग्री


आचार्य, ज्ञानेन्द्र । २०६२ । नेपालमा पत्रकार आचारसंहिताको अवस्था । स्नातकोत्तर शोधपत्र, पत्रकारिता, पूर्वाञ्चल विश्वविद्यालय ।

खनाल, श्रीराम । २०६२ । प्रेस काउन्सिल र पत्रकार आचारसंहिता । स्नातकोत्तर शोधपत्र, पत्रकारिता, त्रिभुवन विश्वविद्यालय ।

तिवारी, कृष्णप्रसाद । २०६३ । पत्रकार आचार संहिता कार्यान्वयनमा प्रेस काउन्सिलको भूमिका । स्नातकोत्तर शोधपत्र, पत्रकारिता, त्रिभुवन विश्वविद्यालय ।

हुमागाईं, देवराज, कोमल भट्ट र कृष्ण अधिकारी । २०६४ । *मिडिया अनुसन्धान: प्राज्ञिक पूर्वाधार निर्माणका केही अभ्यास* । काठमाडौँ: मार्टिन चौतारी ।

Adhikary, Nirmala Mani. 2006. *Studying Mass Media Ethics.* Kathmandu: Prashanti Pustak Bhandar.

Adhikary, Nirmala Mani. 2064 v.s. Mimamsa-Philosophy and Mass Media Ethics. *Bodhi* 1: 24-33.

Adhikary, Nirmala Mani. 2007. Exploring New Paradigm in Media Ethics. In *MBM Anthology of Media Studies,* pp. 55-72. Kathmandu: CSC, Madan Bhandari Memorial College.

Babbili, Anantha. 2001. Culture, Ethics, and Burdens of History: Understanding the Communication Ethos in India. In *Critical Issues in Communication*. Srinivas R. Melkote and Sandhya Rao, eds., pp. 144-176. New Delhi: Sage Publications.

Belsy, Andrew, and Ruth Chadwick. 1993. *Ethical Issues in the Media.* New York: Brown.

Dennis, E. E., and J. C. Merril. 1996. *Media Debates: Issues in Mass Communication* (second edition). New York: Longman.

Dominick, J. R. 1999. *The Dynamics of Mass Communication* (sixth edition). Boston: McGraw-Hill.

Folkerts, Jean, and Stephen Lacy. 2005. *The Media in Your Life*. Delhi: Pearson Education.

Gordon, A. David and John Michael Kittross. 1999. *Controversies in Media Ethics* (second edition). New York: Longman.

Merril, John C. 1999. Overview: Foundations for Media Ethics. In *Controversies in Media Ethics* (second edition). David A. Gordon and John Michael Kittross, eds., pp. 1-25. New York: Longman.

Peter, Singer. 2003. *Practical Ethics* (second edition). Cambridge: Cambride University Press.


Sharma, J.K. 2002. *Ethics of Journalism in Transition*. Delhi: Author Press.

Shivananda, Swami. n.d. Hindu Ethics: Ethics in Hindu Dharma. Available at http://www.experiencefestival.com/a/Hindu_Ethics/23083. Accessed on 15 February 2008.

Tribhuvan University. 2056 v.s. *Course of Study: B.A. Second Year*. Kathmandu: Curriculum Devlopment Center, Tribhuvan University.

Tribhuvan University. 2002. *Curriculum of Study: M.A. in Journalism and Mass Communication*. Kathmandu: Curriculum Devlopment Center, Tribhuvan University.

Velasquez, Manuel, and Vincent Barry. 1988. *Philosophy* (Third edition). Belmont: Wadsworth.




**Chautari Book Series - 29**

Since 1990 media in Nepal has recorded spectacular growth, both in terms of quantity and quality. Several large newspapers and magazines published by different institutions now characterize the print media landscape while there has been a phenomenal growth in the number of independent FM radio stations.

Several factors are responsible for this media growth. This book examines those factors and describes the changes witnessed in the media scene in the last fifteen years. It also analyzes many micro-facets of media in Nepal under the assumption that such attention is crucial to making media a real force for democracy in Nepali society. Apart from an introduction, this book contains 48 short essays under several thematic headings. This book should be read by all those concerned about media, and more broadly, democracy in contemporary Nepal.